बाइबल

शिक्षाहरुको श्रेणी



परमेश्वरले कसरी
मृत्यु पछी अनन्तको
जिवन प्रदान ॥र्नु
हुन्छ भन्ने बारेमा
स्वंय अध्ययन

# मृत्यु पछीको जिवन

# मृत्यु पछीको जिवन

परमेश्वरले कसरी मृत्यु पछी अनन्तको जिवन प्रदान
गर्नु हुन्छ भन्ने बारेमा स्वंय अध्ययन पाठ्यक्रम

Multi-Language Productions
Bringing the Word to the World

प्रथम मुलपाठ पादरीहरुको संस्थागत समुदायको **आज्ञाले** बिशेष विश्कान्सिन इभेन्जेलिकल लुथरन सिनेड द्वारा प्रकाशित गरिएको थियो ।

कपिराइट @ २००८

विश्कान्सिन इभेन्जेलिकल लुथरन सिनेडको बहुभाषा प्रकाशन द्वारा मुलपाठ अनुकरण

२००८ मा प्रकाशित

सबै रङ्गीन तथा सादा चित्रहरु ग्लेन मायरसको कार्य हरु हुन । चित्र र दृष्टान्तहरु नर्थवेर्ष्टन पब्लिसिङ्ग हाउसले सुरक्षित राखेको छ ।

धर्मग्रन्थ पवित्र बाइबल, न्यू इन्टरनेशनल रिर्डस भर्जन बाट लिइएको हो ।

कपिराइट @ १९९६, १९९८ इन्टरनेशनल बाइबल सोसायटीको अनुमतिले इन्टरनेशनल बाइबल सोसायटिले प्रयोग गरेको हो

पुस्तक १६
नेपाली अनुवाद : अशोक चौधरी

# ७२ बिषयसुची

सुरुआतमा ........................................ १

पाठ १:
जिवन के हो ? ........................................ ३

पाठ २:
मृत्यु के हो ? ........................................ १३

पाठ ३:
के मृत्यु पछी फेरी जिवन छ ? ........................................ २३

पाठ ४:
मैले मृत्यु पछी फेरी जिवन कसरी पाउन सक्छु ? ........................................ ३४

पाठ ५:
मलाई मृत्यु पछी किन जिवन चाहियो ? ........................................ ४९

शब्दावली ........................................ ६३

अध्याय जाँचका उत्तरहरु ........................................ ६७

अन्तिम जाँच ........................................ ६९

# ०२ सुरुआतमा

यस पुस्तकमा तपाईले मृत्यु पछिको जिवनको बारेमा सिख्नु हुनेछ । यो सार्‍है ठुलो शिर्षक सानो पुस्तकमा कसरी अध्ययन गर्ने भनेर तपाईले सोच्नु भएको होला । हो यो यस्तै छ । यसर्थ अलिकति हामीले आफैलाई सिमित राख्ने छौं । हामीले पहिले जिवन र मृत्यु के हो र त्यस पछी केही मानिसहरुले मृत्यु पछीको जिवनलाई के बिश्वास गर्दछन त्यस कुरालाई हेर्ने छौं । र अर्को अति महत्वपुर्ण कुरा परमेश्वरले हामीलाई मृत्यु पछीको जिवनको बारेमा के सिखाउनु हुन्छ त्यस कुरालाई हेर्ने छौं । हामी यस्तो वँहाको वचन, बाइबललाई अद्ययन गरेर गर्नेछौं ।

प्रत्येक पाँचवटा पाठहरु एउटा सानो ताराले (*) संकेत गरेको उद्देश्यहरुको सुचीहरुबाट प्रारम्भ हुन्छ । ति उद्देश्यहरुले तपाई लाई त्यस पाठमा के सिख्दै हुनहुन्छ भन्ने बारेमा बताउदछ । प्रत्येक पाठको अंशमा केही प्रश्नहरु राखिएको छन जसको जवाफ तपाले दिनु पर्ने छ । पाठको अन्तमा एउटा सानो जाँच राखिएको छ । यदि तपाईले फर्केर पाठको प्रारम्भमा दिईएको उद्देश्यहरु (*) लाई हेर्नुभयो भने, तपाईले ति उद्देश्यहरुको बारेमा त्यस पाठमा सिख्नु भएको पाउनु हुने छ ।
जब तपाई सबै प्रश्नहरुको उत्तर दि सक्नुहुन्छ तपाई लाई पेज नं. दिइएको छ जँहा प्रश्नको सहि उत्तरहरु छन र तपाईले आफ्नो उत्तर जाँच्न सक्नु हुनेछ । आफ्नो प्रत्येक उत्तरलाई ध्यान पुर्वक जाच्नुहोस र खाँचो परेको खण्डमा त्यसलाई सच्याउनुहोस ।

पुस्तकको अन्तमा अन्तिम परिक्षा छ । त्यो जाँच पुरा गर्नु अघि सबै पाठका जाँचका प्रश्नोत्तरको पुनरावलोकन गर्नुहोस । अन्तिम जाँच सकाई सके पछी तपाई लाई यो पुस्तक उपलब्ध गराउने व्यक्तिलाई दिनुहोस अथवा यस पुस्तकको पछाडी भएको ठेगानामा पठाउनुहोस ।

मृत्यु पछीको जिवन को बारेमा सिख्न परमेश्वरले तपाईको सहायता
गरुन । र वहाले तपाईको अध्ययन लाई आषिश देउन !



सामरियाको इनारमा एउटी महिला सँग येशुले कुरा गर्नु हुन्छ ।



*पाठ १*

# जिवन के हो ?

कुनै बिधिबाट, यस प्रश्नको जवाफ दिन निकै सरल हुनसक्छ। ऐनामा हेर्नुस: तपाईले आफैलाई चाल गरेको र तपाईका आँखा झिम्केको तथ्यले तपाई जिवित हुनुहुन्छ भन्ने कुरा भन्दछ ! तपाईले यस पुस्तक लाई पढ्न सक्नु हुन्छ यो तपाई जिवित रहेको अर्को तथ्य हो !

तर के "जिवन" हामी के हेर्न सक्छौं र त्यसलाई छुन सक्छौं ति कुराहरुमा मात्रै सिमित छ त ?
हामी जिवित छौं भन्ने कुरा सोच्न सकेर मात्र के हामी जिवित छौं ?

केही मानिसहरुले यस्ता कठिन प्रश्न सोध्न सक्छन, "जिवनको अर्थ के हो ?" यस्तो प्रकारको प्रश्नको जवाफ के हामीले साच्चै नै दिन सक्छौं त ?

यस पाठमा हामी सच्चा जिवनको साधारण अर्थलाई जान्न खोज्ने छौं । हामीले केही मानिसहरु जिवन के हो भनेर बिश्वास गर्दछन त्यस कुरालाई हेर्ने प्रयास गर्ने छौं । जिवनको बारेमा बाइबलमा परमेश्वरले के भन्नुहुन्छ हामी त्यस कुरालाई पनि हेर्ने छौं । यसो गर्दा बिषेश गरेर हामीलाई यस जिवनमा ( हाम्रो पृथ्बी मा रहने अवधि का लाई ) परमेश्वरले हामी सँग के चाहनुहुन्छ भन्ने कुरा हामी हेर्ने छौं ।

यस पाठको समाप्ति सँगै तपाई निम्न कुराहरुमा सक्षम हुनुहुनेछ

* जिवनको बारेमा मानिसहरुको झुठो बिचारहरुलाई जान्न सक्नु हुनेछ ;
* जिवनको बारेमा परमेश्वरको परिभाषालाई बुझ्नसक्नु हुनेछ; र
* परमेश्वरले दिनु भएको को जिवनको परिभाषा हर कसैको परिभाषा भन्दा उत्तम छ भन्ने कुरा हेर्न सक्नु हुनेछ !

कुनै समयमा त्यँहा एकजना किसान रहन्थ्यो जो एकदमै धनी थियो । एक बर्ष उसको खेतमा असाध्यै राम्रो उब्जनी भयो । उसको अन्नबाली यति धेरै भयो कि तिनीहरुलाई संचय गर्न उ सँग कुनै ठाँउ पनि रहेन । यसकारण उसले ठुलो खलियानहरु को निर्माण गर्ने निर्णय गरयो । उ आफ्नो धेरै फसल उब्जनी भएकोले आफैप्रति धेरै खुशी थियो र उसले सोच्यो, "अर्को बर्ष, मैले कडा मेहनत गर्नु पर्ने छैन ।

मैले आरामले बस्न सक्छु, मौज गर्न सक्छु, र जिवनलाई सजिलै गुजार्न सक्छु |"

यो येशुले भन्नु भएको कथाको एउटा अंश हो जब वँहाले सच्चा जिवनको बारेमा कुरा गर्नु हुदैथियो
( तपाईले यस पुरा कथालाई लुका १२:१६ –२१ मा अध्ययन गर्न सक्नु हुन्छ | ) हामीले कथामा भएको किसान जस्तै मानिसलाई चिनेका छौं, छैनौ र ? यस्ता प्रकारका मानिसहरु आरामले बसेर जिवनलाई आराम सित गुजार्न चाहन्छन | यस प्रकारका मानिसहरु जिवन देखी मौका परेको बेलामा आफुले सके जति फाइदा लिने कुरा मात्रै रुचाउछन | यस प्रकारका मानिसहरु सोच्छन जिवन जे छ सबै अहिले छ, यस कारण जे जति फाइदा लिनु छ अहिले नै लि हाल्नु पर्दछ !

तर यदि जिवन बाट मात्रै हामीले जे जति लिन सक्छौ भन्ने हो भने, के हामी साच्चै नै खुशी रहने छौं ? यदि कसैगरी हामीले रु १००,००० पाउन सक्छौं भने रु २००,००० पाउदा अझ बेस हुने थिएन र ? यदि हामीले हामी सँग पहिले भएको घर भन्दा अझ ठुलो घर पाउछौं भने, हामीले त्यस भन्दा पनि अझ ठुलो घर पाउने चाहना गर्न शुरु गर्दैनौं र ? हामीले बढि भन्दा बढि पाउने चाहना गरेर के हामी जिवन देखी खुशी रहन सक्छौं त ? येशुले हाम्रो निम्ति यस प्रश्नको जवाफ लुका १२:१५ मा दिनुहुन्छ – "होशियार होऊ ! अनि सबै प्रकारका स्वार्थीपनबाट आफुलाई जोगाऊ | कसैकोमा चाहिएको सम्पत्ति भन्दा बेसी हुन सक्छ, तर यसले उसलाई जिवन दिन सक्दैन | "

१. धेरै मानिसहरुले सोच्छन ____________________ बढि भन्दा बढि कुराहरु हासिल गर्न को निम्ति मात्रै हो ।
२. धेरै मानिसहरु सोच्छन जिवनको उद्देश्य ________________________ खुशी बनाउनु हो
३. येशुले भन्नु हुन्छ जिवन भनेको ___________________________ होइन ।

*(पेज नं. ८ मा हेरेर आफ्ना उत्तरहरुलाई जाच्नुहोस )*

हामी सँग जे जति छ त्यही नै जिवन हो भनेर बिश्वास गर्नुको साटो, त्यँहा केही मानिसहरु छन जसले जिवनको वास्तबिक अर्थ नै छैन भनि बिश्वास गर्दछन ! यस प्रकारका धेरै मानिसहरु त्यँहा केही "भगवान" अथवा केही "शक्ति" छ जसले पृथ्बीको, मानिसहरुको, र सबै थोकहरुको सृष्टी गरेको कुरालाई बकवास हो र यो सबै एउटा ठुलो मजाक हो भनेर बिश्वास गर्दछन । उनिहरु यस्तो कल्पना गर्दछन "भगवान" जो आकासमा बसि राख्नुभएको छ हामी हरुको एक पछी को अर्को गल्तिको लागि बारम्बार हाँसी राख्नु भएको छ ।

अर्को खाले मानिसहरु यो बिश्वास गर्दछन कि जुन कुरालाई हामी वास्तबिक मान्दछौ त्यो वास्तबिक नै होइन । उदाहरणको लागी पिडालाई लिंऊ । पहिले कहिल्यै तपाईको खुट्टाको बुढी औंलामा केही कुरा खसेको छ अथवा तपाईको टाउकोमा केही खसेको छ ? अथवा तपाईको खुट्टा मर्केको छ ? सारहै दुख्यो होला, होईन र ? तर केहि मानिसहरु पिडा तपाईको दिमागमा हुन्छ भन्ने कुरा लाई बिश्वास गर्दछन । उनिहरु यो दिमागले श्रृजना गरेको केवल भ्रम हो भनेर बिश्वास गर्दछन । "जिवन" केवल तपाईले जे

बिश्वास गर्नुहुन्छ त्यहि हो। र यसैले उनिहरुको दिमागमा जिवन को कुनै वास्तबिक अर्थ हुदैन भन्ने मात्र हुन्छ।

अझैपनि दु:ख पुर्ण, धेरै जना अति तनावग्रस्त र दु:खी हुन पुग्छन किनभने तिनिहरुले जिवनको कुनै अर्थ छैन भन्ने कुरामा बिश्वास गर्दछन। "अन्तमा," तिनिहरु सोच्न थाल्छन, " यदि जिवनको कुनै अर्थ छैन भने, यस्को के काम ? यदि मेरो जिवनसँग कसैको मतलव छैन भने, यदि मैले यस संसारमा केहि गर्न सकेन भने, म यँहा रहनु को के नै मतलव छ र ?"

४. केही मानिसहरुले जिवनको केही ______________ छैन भन्ने कुरामा बिश्वास गर्दछन।
५. केही मानिसहरुले दुखेको पिडा ____________________________होइन भनि बिश्वास गर्दछन।
६. केही मानिसहरु अति ___________________ हुन पुग्छन किनभने तिनिहरुले जिवनको कुनै अर्थ छैन भन्ने कुरामा बिश्वास गर्दछन।

***(पेज नं. ८ मा हेरेर आफ्ना उत्तरहरुलाई जाच्नुहोस)***

त्यसो भए जिवन भनेको के हो त ? यसको सही जवाफ परमेश्वर जसले स्वयम जिवनको सृष्टी गर्नु भयो वँहा बाट आउदछ !

परमेश्वरले सारा संसारको सृष्टी गर्नु भयो। बिश्राम गर्नु अघि वँहाको अन्तिम र अत्यन्तै महत्वपुर्ण सृष्टी दुईजना मानिसहरु थिए, आदम र ईभ एकजना पुरुष र एकजना महिला।

वास्तबमा यि दुईजनाको सृष्टी  यिनीहरुले सारा संसारमा शासन गरुन भनेर गर्नुभयो ! संसारका पहिलो मानवहरुलाई परमेश्वरले भन्नुभयो, "धेरै संन्तानहरु उत्पत्ति गराऊ र पृथ्वी भरेर तिनीहरुको हेरचाह गर। समुद्रका माछाहरु, आकासमा उड्ने चराहरु अनि पृथ्वीमा हिंडडुल गर्ने, सबै प्राणीहरु माथि शासन गर" (उत्पत्ति१:२८)।

यो भन्दा पनि महत्वपुर्ण कुरा के देखिन्छ भने परमेश्वरले यिनीहरुलाई आफ्नो सिद्ध सम्बन्धमा सृष्टी गर्नुभयो। यसलाई यसरी विचार गरौं ! आदम र ईभलाई देख्न नसकिने परमेश्वरको प्रार्थना गर्नु पर्दैन थियो – तिनी हरु पल्लो घरमा बस्ने ब्यक्ति जस्तै परमेश्वरसित आमने सामने भएर कुरा गर्न सक्दथे। आदम र ईभ लाई परमेश्वर हुनुहुन्छ कि हुदैन र यदि वँहाले तिनीहरुको चिन्ता गर्नु हुदै छ कि छैन भनेर कहिल्यै पनि सोच्नु परेन – परमेश्वरले उनिहरुसित प्रत्यक्ष कुरा गर्नुभयो र उनिहरुलाई आफ्नो प्रेम दर्शाउनु भयो।

शुरुआत देखी नै परमेश्वरले जिवनको अर्थ दिनुभएको स्पष्ट छ। वँहाले सबै मानिसहरुलाई प्रेम गर्नु भयो र हामीहरु वँहालाई प्रेम गर्ने प्रिय संन्तान भएको चाहनुभयो। वँहाले हामीलाई बस्नको लागी यस आश्चर्यको संसार दिनुभयो। वँहाले हामीलाई यस संसारमा चाहिने सबैथोकहरु दिनुभयो।

पेज नं.६ का उत्तरहरु : १. जिवन; २.आफैलाई ; ३.लिनु
पेज नं.७ का उत्तरहरु : ४.अर्थ ; ५. वास्तब ; ६.तनावग्रस्थ वा दु:खी



आदम र ईभलाई परमेश्वरले हाम्रो प्रथम अभिभावकको रुपमा सृष्टी गर्नुभयो ।

वँहाले हामीहरु वँहासँगै संधै सधैंका निम्ति वँहाको सुन्दर संसारमा बस्न सकौं भनेर योजना बनाउनुभयो। वँहा सिद्ध पिता हुनुहुन्छ जसले हामी लाई सिद्ध संन्तान बनाउनुभयो। वँहासँग हाम्रो जिवन सर्वोत्तम र सिद्ध होस भन्ने परमेश्वरको योजना शुरुदेखी नै थियो।

अरुहरुले "जिवन" को बारेमा के बिश्वास गर्दछन के यो कुरा उनिहरुको भन्दा उत्तम लागदैन ? जब परमेश्वरले संसारको सृष्टि गर्नुभयो, मानिसहरुलाई उनिहरुसित कति "कुराहरु" छन भनेर चिन्ता गर्नु पर्थेन। सारा संसार उनिहरुकै थियो ! लोग्ने मानिस र स्वास्नी मानिस आफ्नो सृष्टीकर्ता संगै हिड्न र कुरा गर्न सकुन भनेर परमेश्वरले संसारको सृष्टी गर्नुभयो। जिवन रमाईलो थियो। यो कारण र अर्थले भरिपुर्न थियो।

७. जब परमेश्वरले संसारको सृष्टी गरनुभयो, वँहाले
___________ र ________________ लाई जिम्मा दिनुभयो।
८. जब परमेश्वरले मानवको सृष्टी गर्नुभयो, मानिस र परमेश्वरको समबन्ध ____________ थियो।
९. परमेश्वरले जिवनको ____________ दिनुहुन्छ।
***(पेज नं. १२ मा हेरेर आफ्ना उत्तरहरुलाई जाच्नुहोस )***

# *पाठ सारांश*

जिवन भनेको के रहेछ त ? यो प्रश्न हामीहरु सबै लाई कहिले न कहिले सोधिने छ वा सोधिएको छ। मानिसहरुले जिवनको अर्थ खोज्दा, तिनीहरु विभीन्न प्रकारका उत्तरहरु भेटाउदछन। केही मानिसहरु  जिवन धेरै “कुराहरु” जुटाउने समय हो भनि बिश्वास गर्दछन। उनिहरुको जिउने आदर्शवाक्य, “जसले सबैभन्दा धेरै सम्पत्ती जोडछ त्यसैले जित्छ !” हुन्छ। केही मानिसहरु जिवनको धेरै अर्थ छैन भनेर विश्वास गर्दछन। त्यस्ता मानिसहरु आफ्नै जिवनकोलाई केही अर्थको सृष्टी गर्दछन, वा आशा त्यागि दिन्छन।

तर परमेश्वरको बिधीबाट कुराहरुलाई हेर्ने तरिका बेग्लै छ। परमेश्वरले सबैभन्दा पहिला जिवनको सृष्टी गर्नुभयो ! वँहाले संमपुर्ण संसारको सृष्टी मात्र नगरेर, प्रथम दुईजना मानवको सृष्टी गर्नुभयो। वँहाले ति दुईजनालाई सिद्ध र स्नेहपुर्ण समबंन्धका साथ सृष्टी गर्नुभयो। तिनिहरुलाई चाहिएको सबैथोक वँहाले दिनुभयो ता कि कसरी बढी “कुराहरु” हासिल गर्ने भनेर उनिहरुलाई चिन्ता गर्नु नपरोस। वँहाले तिनीहरुलाई आफ्नो सबैभन्दा बिशेष सृष्टी बनाउनुभयो।

## *पाठ एक को जाँच*

१. धेरै मानिसहरुले सोच्छन ____________________ बढि भन्दा बढि कुराहरु हासिल गर्न को निम्ति मात्रै हो।

२. धेरै मानिसहरु सोच्छन जिवनको उद्देश्य ______________________ खुशी बनाउनु हो

३. येशुले भन्नु हुन्छ जिवन भनेको ______________________ होइन।

४. केही मानिसहरुले जिवनको केही _____________ छैन भन्ने कुरामा बिश्वास गर्दछन।

५. केही मानिसहरुले दुखेको पिडा ______________________होइन भनि बिश्वास गर्दछन।

६. केही मानिसहरु अति ___________________ हुन पुग्छन किनभने तिनिहरुले जिवनको कुनै अर्थ छैन भन्ने कुरामा बिश्वास गर्दछन।

७. जब परमेश्वरले संसारको सृष्टी गर्नुभयो, वँहाले __________ र _______________ लाई जिम्मा दिनुभयो।

८. जब परमेश्वरले मानवको सृष्टी गर्नुभयो, मानिस र परमेश्वरको समबन्ध ____________ थियो।

***(पेज नं. ६७ मा हेरेर आफ्ना उत्तरहरुलाई जाच्नुहोस )***

पेज १० का उत्तरहरु : ७. आदम र ईभ; ८. सिद्ध; ९. अर्थ



# *पाठ दुई*

## मृत्यु के हो ?

कसैको अन्त्येष्टि मा जानुभएको समयलाई सोच्नुहोस। अन्त्यकर्म गराउने मानिसहरुले मरेको व्यक्तिलाई “प्राकृतिक” देखाउन कडा मेहनत गर्दछन। र कफनमा सुताएको व्यक्तिलाई हेर्दा, त्यो व्यक्ति सुतिरहेको छ भन्ने सोच्न सजिलो हुनसक्छ, किनभने त्यो व्यक्ति एकदमै शान्त देखिन्छ।

के मृत्यु साच्चै नै यतिको खराब हुन्छ ? के यो लामो निन्द्रामा पर्नु जसबाट हामी कहिल्यै उठ्दैनौं त्यति मात्रै हो ?

के यो हामी सँग अहिले भएका समस्याहरु बाट भाग्ने उत्तम उपाए हो ? के हो त मृत्यु ?

यस पाठमा हामीले मृत्युलाई संक्षेपमा हेर्नेछौं। जसरी हामिले "जिवन" को बारेमा थाहा पायौं, त्यँहा "मृत्यु" को बारेमा पनि बिभिन्न मतहरु छन। हामीले केही मानिसहरुको मृत्यु प्रतिको गलत धारणा वा मतलाई हेर्नेछौं। र केही बिधीबाट मृत्यु भयंकर छ भनेर पनि हेर्नेछौं।

यस पाठको समाप्ति सँगै तपाई निम्न कुराहरुमा सक्षम हुनुहुनेछ

* मृत्युको बारेमा "मोहकतापुर्ण" बिचारहरु गलत छन भन्ने कुरा बुझ्नुहुनेछ;
* परमेश्वरले मानिसहरु मरुन भनेर चिताउनु भएको थिएन भन्ने बुझ्नुहुनेछ; र
* जसले परमेश्वरमा बिश्वास गर्दैन, उसको निम्ति मृत्यु कतिको भयंकर कुरा हो भन्ने कुरालाई हेर्न सक्नुहुनेछ।

तपाईहरुले "रोमियो र जुलियट" दुईवटा युवा र युवती जो अगाढ प्रेममा थिए तिनीहरुको बारेमा कथा सुन्नु भएको होला। तर तिनीहरुको अभिभावकहरुले तिनी हरुको समबंन्धलाई मंजुर गरेनन। तिनीहरु एक अर्कालाई भेट्न पाउदैन थे।

गोप्य रुपले तिनीहरु एक अर्कालाई भेटेर भागेर जाने योजना बनाए। तर जुलियटको अभिभावकले जुलियटको विबाह अर्कै व्यक्ति सँग गरिदिने निर्णय गरेका थिए। यसर्थ जुलियटले एउटा बिशेष किसिमको औषधी खाईन जसले गर्दा उ मरेको जस्तै देखिने छिन। परिवारका सदस्यहरुले जुलियट मरेको छि भनेर गाड्ने छन र रोमियो आएर जुलियटलाई गाडेको ठाँउबाट निकाल्ने छ र दुबैजना भागेर जाने उनिहरुको योजना थियो। तर जब रोमियोले जुलियटलाई भेटायो, उसले जुलियट साँच्चै नै मरिसकेको ठान्यो। उसले जहर खाएर आत्महत्या गरयो। जब जुलियट निन्द्रा बाट ब्युझिन र तिनले रोमियो मरेको भेटाईन, तिनले पनि आत्म हत्या गरिन (यस पटक साँच्चैनै मरिन)।

यसमा कथामा कुनै सुखद अन्त छैन। तर धेरै मानिसहरुले यो एउटा महान "प्रेम कथा" हो भनि ठान्दछन र किन न ठानुन ? आखिर, प्रेम मा परेका यि दुई युगल मर्न पनि तयार थिए, किनभने तिनीहरुले एक अर्कालाई असाध्यै प्रेम गर्दथे !

तर रोमियो र जुलियटले आफैलाई मारेर केही फाईदा भयो त ? एक अर्काको निम्ति यसरी आफ्नो प्रेम दर्शाएर साधारणतया तिनीहरु मरे।

हामीले हाम्रो जिवनमा यस्तै खाले अनेक बिचारहरु देख्छौं ।
एउटा नायकलाई उसलाई आफ्नो कार्य समपन्न गर्न उसको जिवन मोल तिर्नु पर्छ भन्ने कुरा थाहा हुदा हुँदै पनि, आफ्नो कार्यप्रति समर्पित जो आफ्नो कार्य समपन्न गर्न लडेर मर्न पनि तत्पर हुन्छ भन्ने दर्शाइन्छ । तर नायकपनि अन्तमा मर्दछ !

१. रोमियो र जुलियट __________ तयार थिए किनभने तिनीहरु एक अर्कालाई प्रेम गर्दथे ।
२. रोमियो र जुलियट साधारणतया _________________ ।
३. कहिले काँही जिवनमा नायक पनि ________________ ।
***(पेज नं. १९ मा हेरेर आफ्ना उत्तरहरुलाई जाच्नुहोस )***

जब हामीले मृत्युको बारेमा पढेको र देखेको सबै कुरामा बिश्वास गर्न थाल्छौं । हामीले मृत्यु त्यतिको खराब हुदैन भन्ने कुरामा बिश्वास गर्न थाल्ने छौं । (नोटः हामीले पछी यस पुस्तकमा क्रिस्तयनहरुको निम्ती मृत्यु वास्तबमा खराब छैन भन्ने कुरा हेर्नेछौं!) हामीले आफ्नो जिवनमा चारैतिर मृत्यु देखेर हामीले मृत्यु कतिको प्रभावशाली छ भन्ने कुराको चेतना हराउदछौं ।

पहिलो पाठलाई संम्झनुहोस परमेश्वरले मानिसहरु सँधै सँधैका निम्ति बाँचुन भनेर तिनीहहरुको सृष्टी गर्नु भएको हो । परमेश्वरले मृत्युको सृष्टी गर्नु भएन ।

संसारमा प्रथम मानव आदम र ईभले परमेश्वर बिरुद्ध पाप नगरुन्जेल त्यँहा मृत्यु थिएन | परमेश्वरले आदम र ईभलाई बगैचामा भएको एउटा रुखको फल *बाहेक*सबै रुखको फल खान भन्नु भएको थियो | र वँहाले तिनीहरुलाई भन्नु भयो त्यस रुखको फल खायौभने तिमी हरु मर्नेछौं | र के भयो ? त्यो सही हो – तिनीहरुले त्यस रुखको फल खाए ! ( तपाईहरुले यस पुरा कथालाई उत्पत्ति पाठ ३ मा अध्ययन गर्न सक्नुहुनेछ |)

अब, आदम र ईभको फल खाने बित्तिकै तत्कालै मरेनन | धेरै बर्ष पछी उनिहरुको शरिर बुढो हुनेछ र उनिहरु मर्नेछन | त्यस क्षण तिनीहरुले पापाको सबै भन्दा खराब प्रभाव अनुभव गरे, आत्माको मृत्यु जसले तिनीहरुलाई परमेश्वरबाट, तिनीहरुको प्रिय पिताबाट अलग गरायो | तिनीहरुवँहाको नजिक जान डराए र वँहाबाट लुक्ने प्रयास गरे | परमेश्वर तिनीहरुको स्नेही पिता हुनुहुन्छ भनेर सोच्नुको साटो तिनीहरुले वँहालाई कमिना र रिसाएको न्यायधिश भन्नठाने |

त्यसबेला देखी जो व्यक्ति पनि जन्मिन्छ उसलाई एकदिन मर्नु पर्दछ | र हामी मर्नु अघि, परमेश्वरको बिरुद्ध गरिएको पहिलो पापको कारण हामीले धेरै नराम्रा असरहरु भोग्नु पर्दछ | हामी बिरामी पर्दछौं | सबै प्रकारको दु:ख हरु भोग्नु पर्छ |



लाजरसको चिहानमा येशुले मार्था सित कुरा गर्नु हुन्छ

हामीलाई क्यानसर लाग्दछ। हामीलाई हृदयघात हुन्छ। हाम्रो हड्डी टुटदछ। हामीलाई चोट लाग्दछ।

एक पटक फेरि, परमेश्वरले यी सब कुरा हामीलाई होस भनेर पहिले चाहनु भएन। वँहाले हामीलाई प्रेम गर्नु हुन्छ र हामी वँहा सँग मात्रै रहेको चाहनुहुन्छ। सोच्नुहोस – यदि आदम र ईभले पाप नगरेको भए, हामी सधैं सधैंका लागि परमेश्वरसित सिद्ध समबन्धका साथ बाँच्न सक्ने थियौं ! त्यँहा हाम्रो जिवनमा कुनै प्रकारको समस्या अथवा कुनै प्रकारको दु:ख हुने थिएन।

४. कहिलेकाँही हामी सोच्न थाल्दछौं मृत्यु

________________________ होईन।

५. परमेश्वरले ________________को सृष्टी गर्नु भएको होइन।

६. आदम र ईभले पाप गरिसके पछी परमेश्वर तिनीहरुको स्नेही पिता हुनुहुन्छ भनेर सोच्नुको साटो तिनीहरुले

_____________________ भन्नठाने।

***(पेज नं. २२ मा हेरेर आफ्ना उत्तरहरुलाई जाच्नुहोस)***

पेज १६ का उत्तरहरु : १. मर्नु ; २.मरे; ३. मर्दछ

तर आदम र ईभले पाप गरेको कारण, मृत्युको कुरुपता अहिले वास्तब भएको छ। मृत्युले आशालाई पर लान्छ। मृत्यु दुखद वा भयंकर हुनसक्छ। मृत्युले हामीलाई उदास बनाउदछ, बिशेष गरेर जब आम्रो आफन्तको मृत्यु हुन्छ।

यो ति खास मानिसहरुका लागी सत्य हो जसले येशु हाम्रो पाप र मृत्युको उद्धारकर्ता हुनुहुन्छ भन्ने कुरामा बिश्ववास गर्दैनन। मानिसहरु जो येशु हाम्रो पापलाई लान क्रुसमा झुण्डिएर मर्नु भयो भन्ने कुरालाई बिश्वास गर्दैनन तिनीहरु मात्र मृत्युलाई दुखद अन्तको रुपमा देख्दछन। मृत्युले सबै आशाको अन्त ल्याउदछ।

तर जसले येशु हाम्रो उद्धारकर्ता हुनुहुन्छ भन्ने कुराम बिश्वास गर्दछ, के तिनीहरुका लागि मृत्यु सबै आशाको आन्त हो त ? हामीले यस प्रश्न को उत्तर हाम्रो अर्को पाठमा अध्ययन गर्ने छौं। (सुझाव : क्रिस्तियनहरुको मृत्युलाई हेर्ने तरिका गैर क्रिस्तियनहरु भन्दा फरक छ !)

७. आदम र ईभको पापले मृत्युलाई _________ बनाए।

८. विभिन्न तरिका बाट मृत्युले __________________________ पर लान्छ।

*(पेज नं. २२ मा हेरेर आपना उत्तरहरुलाई जाच्नुहोस )*

## *पाठ सारांश*

के हो त मृत्यु ? किनभने हामी अहिले बाँचेका छौं, र किनभने हामीलाई थाहा छ हामी सधैं सधैंका निम्ति बाँच्ने छैनौं, हामीले यस प्रश्नको बारेमा सोच्नु पर्दछ।

केहि मानिसहरु मृत्यु त्यतिको खराब छैन भन्ने कुरामा बिश्वास गर्दछन। किताबहरुले कहिलेकाँही मानिस हरु मर्न लागेको र मृत्यु उचित छ भन्ने देखाउदछ। तर परमेश्वरले जब हाम्रो सृष्टी गर्नुभयो वँहाले हामी कहिल्यै पनि नमर्ने योजना बनाउनुभयो ! मृत्यु परमेश्वरले कहिल्यै पनि नचाहेको नतिजा हो। यो पाप को नतिजा हो।

र पापको कारणले गर्दा हामी सबैलाई एकदिन मर्नु पर्छ। यदि येशुले हामीलाई हाम्रो पापबाट  बचाउनुभएको छ भन्ने कुरामा बिश्वास गर्दैनौं भने, यस त्यसले हाम्रो हृदयमा भय उत्पन्न गराउदछ। येशु हाम्रो उद्धारकर्ता हुनुहुन्छ भनेर बिश्वास गरे पनि, हामी मृत्यु सँग डराउदछौं।

**तर मृत्यु अन्त होईन !**

## *पाठ दुई को जाँच*

१. रोमियो र जुलियट __________ तयार थिए किनभने तिनीहरु एक अर्कालाई प्रेम गर्दथे।

२. रोमियो र जुलियट साधारणतया _________________।

३. कहिले काँही जिवनमा नायक पनि ________________।

४. कहिलेकाँही हामी सोच्न थाल्दछौं मृत्यु ______________________ होईन।

५. परमेश्वरले ____________________को सृष्टी गर्नु भएको होइन।

६. आदम र ईभले पाप गरिसके पछी परमेश्वर तिनीहरुको स्नेही पिता हुनुहुन्छ भनेर सोच्नुको साटो तिनीहरुले ____________________ भन्नठाने।

७. आदम र ईभको पापले मृत्युलाई _________ बनाए।

८. विभिन्न तरिका बाट मृत्युले _________________________ लाई पर लान्छ।

*(पेज नं. ६७ मा हेरेर आफ्ना उत्तरहरुलाई जाच्नुहोस)*

पेज १९ का उत्तरहरु : ४ खराब ; ५. मृत्यु ; ६. न्यायधिश
पेज २० का उत्तरहरु : ७. वास्तब ; ८. आशा



## पाठ तिन

# के मृत्यु पछी फेरी जिवन छ ?

तपाईले कल्पना गर्न सक्नुहुन्छ, कि केहि मानिसहरुको के मृत्यु पछी फेरि जिवन छ ? भन्ने प्रश्नको जवाफ दिनको लागि भिन्नै बिचार हुनसक्छ।


तर अघिको पाठलाई एक पटक फेरि दोहरयाउनुहोस (पाठ को जाँच भन्दा अघाडिको अंशलाई)। के वास्तबमा, यस पाठको प्रश्नको उत्तर अघि नै आईसक्यो त ?

त्यँहा मृत्यु पछी जिवन छ | तर हामीलाई निश्चित रुपमा कसरी थाहा छ त ? आखिरमा, त्यँहा मरेका मध्ये कसेलै पनि यस बारेमा भन्नको निम्ति बाँचेका छैनन ! जब हामीले बाइबलले भनेको कुरालाई हेर्दछौं, हामी त्यस प्रश्न, "के मृत्यु पछी फेरी जिवन छ ?" को जवाफ आत्मबिश्वासका साथ दिन सक्छौं |

यस पाठमा तपाईले निम्न कुराहरु सिख्नुहुनेछ

* कि त्यँहा केही मानिसहरु छन जो मृत्यु पछीको जिवनमा बिश्वास गर्दैनन;
* कि त्यँहा केही मानिसहरु छन जो मृत्यु पछीको फेरी जिवन मा बिश्वास गर्दछन तर यस बारेमा उनिहरुको गलत बिश्वास छ; र
* परमेश्वरले मृत्यु पछीको जिवन को बारेमा हामीलाई के भन्नु हुन्छ |

बाइबलले मानिसहरु दुईभाग – शरिर र आत्मा बाट बनेको कुरा हामीलाई भन्दछ (मत्ति १०:२८) | यसले हामी मरयो भने हाम्रो शरिर कुहिन्छ (उत्पत्ति ३:१९)र मृत्यु पछी आत्मा बाँच्दछ (फिलिप्पी १:२३,२४) मा भन्दछ | येशुमा बिश्वास गर्नेहरुको आत्मा स्वर्गमा जान्छ र वँहामा बिश्वास नगर्नेहरुको आत्मा नर्कमा जान्छ (मर्कुस १६:१६;लुका १६:२२,२३ )|



अन्तिम दिनमा येशुले सारा संसारका मानिसहरुको न्याय गर्नु हुनेछ ।

अन्तिम दिनमा, परमेश्वरले मरेकालाई जगाउनुहुनेछ र तिनीहरुको आत्मा र शरिरको मिलन हुनेछ (अय्युब १९:२५-२७)| येशुमा बिश्वास गर्ने हरु स्वर्गमा सधैं येशुको साथ बस्ने छन (मत्ति२५:३४ ) | अबिश्वासीहरु नर्कमा अनन्तको यातना भोग्ने छन (मत्ति २५:४१)|

एकजना मानिस सारहै बिरामी परेर मर्न आँटेको थियो | उसले एकपटक भनेको पनि थियो उ मरिसकेपछी के हुने हो भनेर उसलाई कुनै चिन्ता थिएन | "मैले राम्रो जिवन व्यतित गरेको छु," उसले भन्यो | "म सँग असल मित्र र परिवार छन । र जे यँहा छ त्यही त्यहाँ छ, यो भन्दा बढी मलाई के चाहिएको छ र ?

यस व्यक्तिले मृत्यु पछिको जिवनमा बिश्वास गरेको थिएन | उसले सोचेको थियो उ मरयो भने उसको आत्मा पनि मरेर जाने छ | यसलाई आत्माको सर्बनास पनि भनिन्छ |

तर बाइबलमा परमेश्वरले एकदम स्पष्ट साथ मानिसको आत्मा मर्दैन भनेर भन्नु भएको छ | मत्ति १०:२८ मा येशुले भन्नु भएको छ, "तिमीहरु तिनिहरु सित डराउनु पर्दैन जसले शरिरको हत्या त गर्न सक्छ तर आत्मालाई मार्न सक्दैनन | बरु, उ सित डराउ जसले शरिर र आत्मा दुबैलाई नर्कमा पठाएर त्यसको नाश गर्न सक्छ |"

येशुले “सर्वनासको” कुरा गर्दा कसैको शरिर र आत्मा दुबै सदा सर्वदाको निम्ति सजाय भोग्ने कुरा भन्नु हुन्छ। येशुले भन्नुहुन्छ नर्कको यातनाको आगो कहिल्यै पनि निभ्दैन। (मर्कुस ९:४८)

१. बाइबलले मानिसहरु दुईभाग ______________ र ______________ बाट बनेको कुरा हामीलाई भन्दछ।

२.यदि एउटा मानिसको मृत्युले उसको ______________ पनि मरेर जाने छ भने, उ कसरी बाँच्छ भन्ने फरक पर्दैन।

३. येशुले एकदमै स्पष्ट साथ भन्नु भएको छ कि नर्क ____________ सम्म शरिर र आत्माले सजाय पाउने ठाँउ हो।

***(पेज नं. २९ मा हेरेर आफ्ना उत्तरहरुलाई जाच्नुहोस)***

केही मानिसहरु पुन: जनम मा बिश्वास गर्दछन। पुन:जनम यस्तो बिश्वस हो जसमा मानिसहरु कुनै मानिस मरयो भने फेरी अर्को भौतिक शरिर धारण गरेर जन्म लिने कुरामा बिश्वास गर्दछन। केही मानिसहरु आत्मा एउटा शरिरबाट अर्को शरिर बदलिरहने यो चक्र सधैं चलि रहने कुरामा बिश्वास गर्दछन। केही मानिसहरु यो चक्र तबसम्म चलिरहन्छ जबसम्म आत्माले कुनै “उच्च” स्थान हासिल गर्दैन। हिन्दु धर्म र अन्य आधुनिक धर्मले ले पुन:

जनमको कुरामा गहिरो बिश्वास राख्दछन |

पुन:जनममा बिश्वास गर्नेहरु अलिकति भएपनि सहि छन : मानिसको आत्मा कहिल्यै पनि मर्दैन | तर के आत्माले फेरी "पुन: जनम" लिन्छ त ? के मानिस मर्छ, अर्को शरिरमा जन्म लिन्छ, फेरी मर्छ, फेरी अर्को शरिरमा जन्मिन्छ र यस्तै सधैं सधैं चलिरहन्छ त ? परमेश्वरले बाइबलमा "नाई" भन्नु हुन्छ | हिब्रु ९:२७ मा हामीले पढेका छौं, "मानिसहरुलाई एक पटक मर्नु पर्छ | त्यस पछी परमेश्वरले तिनीहरुको न्याय गर्नु हुनेछ | "

पुन: जिवनको अनन्त जिवन–मृत्यु – जिवनको चक्र चलिरहने कुरा सत्य होईन | बाइबल अनुसार चक्र भनेको या त जिवन + मृत्यु बराबर नर्क अथवा जिवन+ मृत्यु बराबर स्वर्ग हो !

४. पुन: जिवनले कोही मरयो भने, उसको ____________ अर्को भौतिक शरिरमा जन्मेर आउदछ भन्ने कुरा सिखाउदछ |
५. केहीले जिवन–मृत्यु– जिवन – मृत्यु को चक्र _____________ का लगि चलिरहन्छ भनेर बिश्वास गर्दछन |
६. बाइबलले हामीलाई भन्दछ कि जब मानिस मर्छ उसको आत्माको _________________ हुन्छ |

***(पेज नं. ३० मा हेरेर आपना उत्तरहरुलाई जाच्नुहोस )***

अझपनि अरु केही मानिसहरुले कोही मरयो भने, उ "असल ठाँउमा" जानेछ भनि अलिकति बिश्बास गर्दछन।

प्राचिन मिश्रबासीहरु कोही मरयो भने त्यसको शरिरलाई एकदम सही संरक्षण गरेर राख्नु पर्दछ भन्ने कुरामा बिश्वास गर्दथे। यस जिवन पछी मृत व्यक्ति अर्को ठाँउमा राम्रो सित बसोस भनेर तिनीहरु यसो गर्दथे। ( त्यसैले तिनीहरु ममी बनाउन कुशल थिए !)
समुद्री डाँकुहरु को योद्धा लडाईमा मरयो भने "भलहाला"भन्ने ठाँउमा जान पाईन्छ जँहा अनन्त सम्म खान र पिउन पाइन्छ भनि तिनीहरु बिशवास गर्दथे।
कोही मरयो भने उ फेरी पुन: जनम जस्तै फर्केर आउदछ र पहिलेको भन्दा असल जिवन जिउदछ भनेर बौद्ध धर्मीहरु बिश्वास गर्दछन। यदि उसले असल जिवन यापन गरिरहयो भने उ "निर्वान" मा पुग्दछ जुन जिवनको उच्च स्थान हो।

पेज २७ का उत्तरहरु : १. शरिर र आत्मा; २. आत्मा; ३. अनन्त

**यी सबै झुठले मानिसहरुलाई गलत ठाँउमा डोरयाउदछ !**

प्रत्येक व्यक्तीसँग सधैंको निम्ति बाँच्ने आकंक्षा हुन्छ | बाइबलले भन्दछ मृत्यु पछीको सच्चा जिवन स्वर्गमा मात्रै छ | बास्तवमा भन्ने हो भने, क्रिस्तियनहरुको असली घर नै स्वर्ग हो | पौलले फिलिप्पी ३:२० मा लेख्नु भएको छ, “तर हामी स्वर्गका नागरिक हौं |”

जब तपाईले यसको बारेमा सोच्नुहुनेछ, यसले सही अर्थ दिनेछ | परमेश्वरले मानिसहरुको सृष्टी उनिहरु सधैं बाँचुन र वँहासँगै वँहाको सिद्ध संसार मा बसुन भनेर गर्नु भएको कुरालाई स्मंरण गर्नुहोस | किनभने मानिसहरुले पाप गरे, त्यस पछी यो सिद्ध संसार बर्वाद भयो, मृत्यु आयो | के परमेश्वरले यि सबै दुष्टलाई मेटाएर फेरी शुरुआत गर्न चाहनुहुन्न ?

परमेश्वरको योजनामा मृत्यु अन्त होइन | परमेश्वरको योजनामा, त्यँहा मृत्यु पछी जिवन मात्र नभएर – **त्यँहा मृत्यु पछी *सिद्ध* जिवन छ** | यो सिद्ध जिवन वँहा सँग स्वर्गमा छ | मत्ति २५:३४मा, येशुले मानिसहरुलाई को स्वर्ग जानेछ भनेर भन्नु हुन्छ, “आउ मेरो पिताले तिमीहरुलाई धेरै आशिर्वाद दिनुभएको छ आउ र परमेश्वरले तिमीहरुको लागी प्रतिज्ञा गर्नु

पेज २८ का उत्तरहरु : ४. आत्मा; ५. सधैंका; ६. न्याय

भएको राज्य ग्रहण गर। सृष्टीको शुरुदेखि नै यो तिमीहरुको निम्ति तयार गरिएको थियो।" फेरी, परमेश्वरले मानिसहरु वँहासगैं सधैं बाँचुन भन्ने चाहनु भएको हो। मानिसहरु मरयो भने स्वर्गमा वँहा सगै बसुन भन्ने वँहाको चाहना हो। स्वर्गमा परमेश्वरसित बस्नु नै मृत्यु पछि को *सत्य* जिवन हो।

मृत्यु पछि को सत्य जिवन को सबै भन्दा असल खुबी भनेको हामीले यसलाई पाउन केही पनि गर्नु पर्दैन। परमेश्वरले हामीलाई यो उपहार स्वरुप दिनुभएको हो ! रोमी ६:२३ ले भन्दछ, "तर परमेश्वरले आफ्ना मानिसहरुलाई मृत्यु रहित उपहार दिनुहुन्छ जुन हाम्रा ख्रिष्ट येशु प्रभुमा अनन्त जिवन हो।" (यस बारेमा हामी पाठ ५ मा अझ बढि अध्ययन गर्नेछौं।)

७. मृत्यु पछि को जिवनको बारेमा जतिपनि बिचारहरु छन जुन परमेश्वरको बिचार होइन तिनीहरुको अन्त ____________________ ठाँउमा हुन्छ।

८. ____________________ कुनैपनि सच्चा क्रिस्तियनको घर हो।

९. परमेश्वरको योजनामा त्यँहा मृत्यु पछी ____________________ जिवन छ।

***(पेज नं. ३२ मा हेरेर आपना उत्तरहरुलाई जाच्नुहोस )***

## *पाठ सारांश*

प्रत्येक मानिसले मृत्यु पछीको जिवनको बारेमा केही न केही बिश्वास गरेको हुन्छ। केही मानिसहरु मृत्यु पछी त्यँहा कुनै जिवन छैन भनेर बिश्वास गर्दछन ! हामीहरु अहिले जे अनुभव र जुन जिवन को आनन्द लि रहेका छौं त्यही मात्रै "जिवन" हो भनेर तिनीहरु बिश्वास गर्दछन। यदि तपाई एकपटक मरेपछी तपाईको शरिर र आत्मा को अन्त हुन्छ भनेर केही मानिसहरु बिश्वास गर्दछन।

धेरै मानिसहरु मानिस मरे पनि उसको आत्मा बाँचि राख्छ भनेर बिश्वास गर्दछन। तर उसको आत्मा अर्को शरिरमा जान्छ .... अनि जब मर्छ फेरी अर्को शरिर ... र जब त्यो मर्दछ अर्को शरिरमा जान्छ...

केही मानिसहरु मानिसको आत्मा यस संसार भन्दा असल ठाँउमा जान्छ भनि बिश्वास गर्दछन। तर साँचो "असल" ठाँउ स्वर्ग भन्दा अरु के छ। यो अन्तिम यात्रा नै सच्चा घर हो र यो अनन्त सम्म चलिरहने छ।

| |
|---|
| पेज ३१ का उत्तरहरु : ७. गलत; ८. स्वर्ग; ९. सिद्ध |

## *पाठ तिन को जाँच*

१. बाइबलले मानिसहरु दुईभाग _____________ र _____________ बाट बनेको कुरा हामीलाई भन्दछ।

२.यदि एउटा मानिसको मृत्युले उसको _____________ पनि मरेर जाने छ भने, उ कसरी बाँच्छ भन्ने फरक पर्दैन।

३. येशुले एकदमै स्पष्ट साथ भन्नु भएको छ कि नर्क __________ सम्म शरिर र आत्माले सजाय पाउने ठाँउ हो।

४. पुन: जिवनले कोही मरयो भने, उसको ____________ अर्को भौतिक शरिरमा जन्मेर आउदछ भन्ने कुरा सिखाउदछ।

५. केहीले जिवन–मृत्यु– जिवन – मृत्यु को चक्र _____________ का लगि चलिरहन्छ भनेर बिश्वास गर्दछन।

६. बाइबलले हामीलाई भन्दछ कि जब मानिस मर्छ उसको आत्माको __________________ हुन्छ।

७. मृत्यु पछि को जिवनको बारेमा जतिपनि बिचारहरु छन जुन परमेश्वरको बिचार होइन तिनीहरुको अन्त __________________ ठाँउमा हुन्छ।

८. _____________ कुनैपनि सच्चा क्रिस्तियनको घर हो।

९. परमेश्वरको योजनामा त्यँहा मृत्यु पछी ________________ जिवन छ।

*(पेज नं. ६७ मा हेरेर आपना उत्तरहरुलाई जाच्नुहोस)*



*पाठ चार*

## मैले मृत्यु पछी फेरी जिवन कसरी पाउन सक्छु ?

एउटा समुद्र छेउको बिशाल भवन हेर्न गएको कुरा कल्पना गर्नुहोस । त्यस भवन भित्र हिड्दै गर्दा, तपाईले भित्तामा टाँगेको सुन्दर चित्र हरुलाई देख्नु हुन्छ । बस्दै राम्रो अनुभव हुने तपाईले भब्य फर्निचरहरु देख्नुहुन्छ । तपाईले शानदार र रङ्गीन गलैचा र पाखी देख्नु हुन्छ जसमा हिड्न तपाई अप्ठ्यारो मान्नु हुन्छ । यस आश्चर्यको घरमा सबै थोक आश्चर्यको छ ।

तपाई बिशाल बैठक कोठामा हिंड्नु हुन्छ। घरमा भएको कोही आएर तपाई लाई भन्दछ, “यस भवनको मालिक मर्नु अघि उसले तपाईलाई र तपाईका प्रत्येक साथीहरुलाई आफ्नो ईच्छा पत्रमा समावेस गरेको कुरा भन्न म धेरै खुशी छु।” तपाई र तपाईका समुहले एकदम धयान दिएर सुन्नु होस। “हो यो सत्य हो,” तपाईको साथिले भन्दछ, “मालिकले तिमी सबै जना हरेकलाई रु. एक करोड दिएर गएको छ। यो पैसा तिम्रो हो।”

सबैजना एकछिन अलिकति रुन्छन। अन्तमा एकजना जो तपाईको छेउमा छ उसले एकदम दबेको आवाजमा सोध्छ, “कँहा छ त ? हामीले पैसा कसरी पाउछौं त ?”

तपाईलाई भनिएको छ, “ए, अँ, होनि है। कुरा के हो कि, हामी अझै यस घरमा पैसा खोजिरहेको छौं। हाम्रो बिचारमा त्यो पैसा यो घरको कोठाहरु मध्ये एउटा कोठामा कुनै लुकेको ठाँउमा हुनसक्छ। तर चिन्ता मान्नु पर्दैन – त्यो पैसा तपाईहरुको नै हो !”

अब, त्यो उपहार कुन किसिमको होला ? यो आश्चर्य जनक कुरा हो जुन मृत्यु पछीको जिवन हराएको त्यो रु. एक करोडको “उपाहार” जस्तै छैन। मृत्यु पछीको जिवन पाउन अति नै सरल छ।

यस पाठमा तपाईले निम्न कुराहरु सिख्नुहुनेछ

* तपाईलाई मृत्यु पछिको जिवन तपाईले राम्रो गरे वापत दिईएको होईन तर,
* येशुले गरेको कार्य वापत मृत्यु पछीको जिवन तपाईलाई दिईएको हो !

कसैलाई सोध्नुहोस, "स्वर्गमा पुग्नु हुन्छ भन्ने कुराको बारेमा के बिचार छ ?" उसले तपाईलाई केही यस्तो भन्नेछ : "निश्चय पनि, मैले आफ्नो जिवनमा केही गल्ति हरु गरेको छु | तर मैले त्यस गल्तिको मोल तिरेको छु | यस्तो कुरामा म एकदम राम्रो छु | यो भन्दापनि मैले गल्तिहरुलाई सुधार्न अझ बढी असल कार्य हरु गरेको छु | परमेश्वरले मलाई स्वर्ग जान दिनु पर्नेछ | वँहाले मलाई मृत्यु पछी को जिवन दिनु पर्नेछ |"

सबैले दिने यो साधारण उत्तर कै कारण यो जवाफ ठीक हो भन्न मिल्दैन | बाइबलले हामीलाई भन्दछ, "कहिले काँही यस्तो लाग्छ कि बाटो सही छ, तर अन्तमा त्यस बाटोले मृत्यु तिर पुरयाँउदछ "(हितोपदेश १६:२५ )|

आफुले गरेको गल्तिलाई सुधार्न अरु बढी राम्रो कुरा गर्ने कुरामा बिश्वास गर्न त्यँहा एउटा समस्या छ | त्यो समस्या परमेश्वरले भन्नु हुन्छ मृत्यु पछी को जिवन प्राप्त गर्न हामीले कुनै

पनि *गलत कार्य* गर्नु हुन्न। कहिले पनि नाई। येशुले हामीलाई भन्नुहुन्छ, "यसैकारणले तिमीहरु सिद्ध होउ, जसरी तिमीहरुका स्वर्गका पिता सिद्ध हुनहुन्छ " (मत्ति ५:४८)। यदि हामी एक पटक चिप्लियौं भने पनि हामीले मृत्यु पछीको जिवन गुमाउने छौं ! मान्नुहोस तपाईले सबै ब्यबस्थाहरुको पालना गर्नुहुन्छ र त्यसको कुनै सानो अंश पनि चुक्यो भने तपाई लाई संमपुर्ण ब्यबस्था भंग गरेको दोष लाग्ने छ।" (याकुब २:१०)।

हामी सिद्ध नभएको कारण हाम्रो मृत्यु पछिको जिवन पाउने अवसर खोसिदैन, किनभने येशु, हाम्रो मुक्तिदाता हाम्रो बदलामा सिद्ध हुनुहुनथ्यो। बाइबलले हामीलाई येशुको बारेमा भन्दछ कि, "वँहा हरेक किसिमबाट परिक्षित हुनुभयो जसरी हामी परीक्षित छौं, तर वँहाले कहिल्यै पाप गर्नु भएन।"(हिब्रु ४:१५)। र किनभने येशुले सिद्ध जिवन जिउनु भयो, परमेश्वरले त्यस सिद्ध जिवन लिएर हामीलाई दिनुभयो। अर्को शब्दमा, वँहाले येशुको सिद्धीलाई हाम्रो पनि सिद्धि मान्नु भएको छ। (रोमी ५:११–१९ अध्ययन गरेर यस बारेमा अझ बढी जान्नुहोस।)

१. धेरै मानिसहरु तिनीहरु मृत्यु पछी असल जिवन यसकारण पाउनुपर्छ किनभने तिनीहरुले ____________________ कार्य गरेका छन भनि बिश्वास गर्दछन।



शैतानको परिक्षा बाट येशु बिजयी हुनुहुन्छ।

२. परमेश्वरले हामीलाई मृत्यु पछीको जिवन पाउनको लागी हामी _____________________ हुनुपर्छ भन्नुहुन्छ|

३. ________________हाम्रो बदलामा सिद्ध हुनुहुन्थ्यो

*(पेज नं. ४० मा हेरेर आपना उत्तरहरुलाई जाच्नुहोस)*

तर त्यसपछी त्यँहा सजायको समस्या छ | यो यस्तो कुरा हो जुन हामी केटाकेटी छंदा देखी नै हाम्रो बानी परेको छ | यदि तपाईले केही गल्ती गर्नुहुन्छ भने तपाई लाई सजाय दिईने छ |

जब हामीले परमेश्वरको व्यबस्था को उलघंन गर्दछौं हामीले पाप गर्दछौं र हामीले सजाय भोग्नु पर्नेछ | पापको लागी परमेश्वरले दिने सजाय केही बर्षका लागि कैद खानामा थुनिने मात्र होईन | पापको लागी परमेश्वरले मृत्यु र सधैंको को लागि नर्कको यातना मा जल्ने दण्ड दिनुहुन्छ (पाठ दुई लाई हेर्नुहोस)| अब, किनभने हामी सबैले पाप गर्दछौं, हामी सबै मर्नु पर्ने थिएन त ? र भौतिक रुपमा मर्ने मात्र होईन, तर सधैं सधैंका लागि नर्कको यातना मा जलेर मर्नु पर्दथ्यो ?

हो, हामीलाई यस्तै हुनु पर्दथ्यो | बाइबलले हामीलाई भन्दछ हामी प्रत्येक यस मृत्यु दण्डको लायक छौं | तर के यदि परमेश्वरले तपाईलाई भन्नु हुन्छ कि कसैले तपाईको निम्ति त्यो सजाय भोगिसक्यो ? के यदि परमेश्वरले तपाईलाई भन्नु हुन्छ कोही अरु मरिसक्यो अब तिमी मर्नु पर्दैन ?

त्यो अरु कोही येशु हुनुहुन्छ। येशु हाम्रो बदलामा सिद्ध मात्रै हुनुहुन्थेन। येशुलाई हाम्रो बदलामा दण्ड पनि दिईयो ! पत्रुसले हामीलाई भन्नुहुन्छ, "[येशु] वँहाले हाम्रा पापहरु आफ्नो शरिरमा क्रुसमा बोक्नु भयो" (१ पत्रुस २:२४)। जब येशुलाई क्रुसमा मारियो, वँहालाई वँहाको आफ्नो पापको निम्ति मारिएन ( वँहाले कुनै पाप गर्नु भएन)। सबै मानिसहरुको पापको लागि वँहाले आफैलाई मार्ने अनुमति दिनुभएको हो। परमेश्वरले हाम्रो पापको निम्ति तोक्नुभएको सजाय को दण्ड येशुले पहिले नै व्यबस्था गर्नु भयो।

४. यदि हामीले केही ________________ गर्दछौं भने, हामीले सजाय पाउदछौं।


५. परमेश्वरको व्यबस्थाको उलघंन गरेकोले हामी ________________ पाउदछौं।

६. ______________ लाई हाम्रो बदलामा सजाय दिईयो।

*(पेज नं. ४२ मा हेरेर आपना उत्तरहरुलाई जाच्नुहोस )*

येशु हाम्रो निम्ति सिद्ध हुनुहुन्थ्यो। हाम्रो लागि वँहाले सजाय भोग्नुभयो। र त्यसै कारणले गर्दा हामीले मृत्यु पछीको सच्चा जिवन पाएको छौं ! अथवा के हामी ? हो, हामीलाई अझै मर्नु पर्छ त।

पेज ३९ का उत्तरहरु : १. असल; २. सिद्ध; ३. येशु




येशु क्रुस मा मर्नु हुन्छ।

तर के उसको लागि यो भौतिक मृत्यु हो जसले येशुको बारेमा गलत बिचार राख्दछ ? हामीले मृत्यु पछी जिवन कसरी पाउछौं त ? किनभने हामी मानव भएकोले यसलाई सरलता सित पाउछौं ? अथवा के यो रु एक करोडको उपहार जस्तै छ जुन लुकेको छ र कसैले पनि त्यसलाई पाउन सक्दैन ?

मृत्यु पछीको सत्य जिवनको उपहार, येशु सँगै सधैं स्वर्गमा बस्न पाउने उपहार, लुकेको छैन। येशुले यसलाई सबैले मानिसहरुले देख्न सक्ने ठाँउमा राख्नु भएको छ। येशुले हामीलाई मृत्यु पछीको जिवन को उपहार बाइबलमा, वँहाको वचनमा दिनुहुन्छ।

अति सरलताका साथ बाइबलले हामीलाई भन्दछ येशुले *बिश्वास* द्वारा हामीलाई अनन्तको जिवन दिनुहुन्छ।"बिश्वास" भनेको साधारणतया येशु हाम्रो मुक्तिदाता हुनुहुन्छ भन्ने कुरालाई बिश्वास गर्नु हो। येशुले तपाईको लागि सिद्ध जिवन जिउनु भयो भन्नेकुरामा बिश्वास गर्नु हो, र तपाईको ठाँउमा मरेर तपाईको पापहरुको सजाय लाई भोग्नु भयो भन्ने कुरामा बिश्वास गर्नु हो। फिलिप्पीमा जब जेल अधिकारीले देवदुत पौललाई मुक्ति( कसरी मृत्यु पछीको जिवन पाउन सकिन्छ ) पाउन के गर्नु पर्छ भनेर सोध्दा, पौलले सरल जवाफ दिनु भयो, "प्रभु येशुमा बिश्वास गर" (प्रेरित १६:३१)

पेज ४० का उत्तरहरु : ४. गलत; ५. मृत्यु; ६. येशु



जेल अधिकारीले देवदुत पौल र सिलासलाई खज़ना दिन्छन।

यो बिश्वास येशु सँगै छेउमा क्रुसमा झुण्डयाईएको व्यक्ति सँग थियो। जब येशुलाई क्रुसमा झुण्डयाईको थियो, त्यस बेला दुईजना अरु मानिसहरुलाई पनि झुण्डयाईएको थियो। शुरुमा त यि दुबै ले येशुलाई घृणा गरे। तिनीहरु अपराधी थिए त येशु निर्दोष हुनुहुन्थ्यो, तिनीहरुले येशु लाई अनेक किसिमका खराब कुराहरु भने। केही समय पछी तिनीहरु मध्ये एकजनाले येशुको बचावमा बोल्न थाल्यो। उसले अर्को अपराधीलाई येशुको बारेमा खराब कुरा न बोल्न भन्यो। र त्यसपछी यस दयालु व्यक्तिले येशुलाई भन्यो, "येशु आफ्नो राज्यमा फर्के पछी मलाई संम्झनुहोस" (लुका २३:४२)। यस अपराधीले अब येशु संसारको मुक्तिदाता हुनुहुन्छ भनेर बिश्वास गरयो र येशु नै उसको व्यक्तिगत मुक्तिदाता हुनुहुन्छ भनेर बिश्वास गरयो। र येशुले क्रुसमा झुण्डिएको त्यस अपराधीलाई येशुले के भन्नु भयो ? "आज नै तिमी म सँग स्वर्ग लोकमा हुनेछौ" (लुका २३:४३)। यसैले अपराधी मरे पनि, उ फेरी बाँच्ने छ। येशुले उ अपराधी भएपनि स्वर्ग प्राप्त गर्ने वचन दिनुभयो। हामी, पनि पापी भएपनि त्यही वचन वँहाले हामीलाई दिनुभएको छ !

७. मृत्यु पछी को जिवन को उपहार ______________ छैन।

८. मृत्यु पछीको जिवन हामीलाई ______________________ मार्फत दिईएको हो ।

९. येशु सँगै क्रुसमा झुण्डिएको एकजना अपराधीले वँहामा ___________________________ गरयो ।

*(पेज नं. ४६ मा हेरेर आपना उत्तरहरुलाई जाच्नुहोस )*

## *पाठ सारांश*

तपाईले कसरी मृत्यु पछी जिवन प्राप्त गर्नु हुन्छ ? यो त्यतिको गारहो छैन । तपाई यसको लागि कार्य गर्न सक्नु हुन्न । जब तपाई प्रयास गर्नुहुन्छ, तपाईले तिमीले गरेको हरेक कुरामा तिमी सिद्ध हुनु पर्नेछ भन्ने परमेश्वरको भनाईलाई संम्झनुहोस । वँहाले भन्नु हुन्छ स्वर्ग प्राप्त गर्नको निम्ति एकदम सिद्ध हुनुपर्दछ । त्यो तपाई गर्न सक्नु हुन्न । तपाई सिद्ध हुन सक्नु हुन्न ।

तपाईले यो पनि याद राख्नु पर्नेछ कि तपाईले गरेको प्रत्येक पापको निम्ति तपाईलाई परमेश्वरले सजाय दिन सक्ने अधिकार छ । वँहाले पापको सजाय मृत्यु दण्ड दिनुहुन्छ । र यसको अर्थ यँहा जिवनको मात्र अन्त होईन । पापको सजाय अनन्त सम्म नर्क को यातनामा पोलिनु हो ।

त्यसोभए तपाईले मृत्यु पछी जिवन कसरी प्राप्त गर्नु हुन्छ ? तपाईले केही गरेर यसलाई प्राप्त गर्न सक्नु हुन्न ! येशुले तपाईको निम्ति के गर्नुभयो त्यसकारण तपाई यसलाई प्राप्त गर्न सक्नुहुन्छ। परमेश्वरले तपाईलाई मृत्यु पछी सत्य जिवन उपहार स्वरुप दिनुभएको छ। वँहाको पुत्र, येशु, तपाईको बदलामा सिद्ध जिवन जिउनु भयो। येशु तपाईको ठाँउमा मर्नु पनि भयो। अब साधारणतया वँहा भन्नुहुन्छ, “बिश्वास गर”। येशु तिम्रो मुक्तिदाता हुनुहुन्छ भनेर बिश्वास गर। वँहानै त्यो हुनुहुन्छ जसले तिमीहरुलाई *अनन्तको* मृत्युबाट बचाउनु भयो र मृत्यु पछी फेरी जिवन दिनुहुन्छ भनेर बिश्वास गर।

पेज ४४–४५का उत्तरहरु : ७. लुकेको; ८. बिश्वास; ९. बिश्वास

## *पाठ चार को जाँच*

१. धेरै मानिसहरु तिनीहरु मृत्यु पछी असल जिवन यसकारण पाउनुपर्छ किनभने तिनीहरुले ____________________ कार्य गरेका छन भनि बिश्वास गर्दछन।

२. परमेश्वरले हामीलाई मृत्यु पछीको जिवन पाउनको लागी हामी _______________________ हुनुपर्छ भन्नुहुन्छ।

३. _________________ हाम्रो बदलामा सिद्ध हुनुहुन्थ्यो

४. यदि हामीले केही __________________ गर्दछौं भने, हामीले सजाय पाउदछौं।

५. परमेश्वरको व्यबस्थाको उलघंन गरेकोले हामी ____________________ पाउदछौं।

६. _______________ लाई हाम्रो बदलामा सजाय दिईयो।

७. मृत्यु पछी को जिवन को उपहार __________________________ छैन।


८. मृत्यु पछीको जिवन हामीलाई _______________________ मार्फत दिईएको हो।

९. येशु सँगै क्रुसमा झुण्डिएको एकजना अपराधीले वँहामा _____________________________ गरयो।

*(पेज नं. ६७ मा हेरेर आपना उत्तरहरुलाई जाच्नुहोस)*



येशु स्वर्गमा फर्कनु हुन्छ |



# पाठ पाँच

# मलाई मृत्यु पछी किन जिवन चाहियो ?

जहिले देखी मृत्यु यस संसारमा आयो, मानिसहरुले मृत्युबाट भाग्ने अनेक प्रयास हरु गरे। संसारका केही महान अन्वेषकहरु कुनै जादुई पानीको मुहान खोज्न थाले, जसलाई पिएर तिनीहरु सधैंका लागि बाँच्न सकुन। आज बैज्ञानिकहरु मानिसहरु अझ लामो आयु सम्म बाँचुन भनेर अनुसन्धानहरु गरिरहेका छन।

यस कारण तपाई आफ्नो निम्ति सोचिराख्नुभएको होला, “मलाई मृत्यु पछी जिवन किन न चाहिएला ?!” र तपाई सहि हुनुहुन्छ; त्यँहा खासै उचित कारण छैन | याद राख्नुहोस जब परमेश्वरले हाम्रो सृष्टी गर्नु भयो वँहाले हामी सधैंका लागि बाँच्ने छौ भनेर गर्नु भयो | उपदेशक ३:११मा भनिएको छ परमेश्वरले मानिसहरुको हृदयमा बितेको समय र आउने समयको चेतना राखिदिनु भएको छ |”

अर्को तरिका बाट यसलाई भन्ने हो भने “परमेश्वरले मानव हृदयमा अन्नत राखी दिनुभएको छ ” अर्को शब्दमा, प्राकृतीबाट, हामी जन्मने बिधीबाट, हामीलाई यस जिवन भन्दा बढी जिवन छ भन्ने थाहा छ | हामी सधैंका निम्ति बाँच्न चाहन्छौं |

यस पाठको समाप्ति पछी तपाई निम्न कुरामा सक्षम हुनुहुनेछ:

* केही मानिसहरु मृत्यु पछी जिवन पाउन चाहदैनन भन्ने बुझ्नु हुनेछ;
* स्वर्गमा अनन्त जिवन चाहिने कुरा हो भन्ने हेर्नु हुनेछ; र
* बर्तमान जिवनको धेरै लामो अन्त छैन भन्ने थाहा पाउनु हुन्छ |

अहिले तपाईको जिवन त्यतिको महान छैन भनेर तपाईलाई लाग्न सक्छ | तपाईलाई मन न लागेको ठाँउमा तपाई फसेको हुनसक्छ | अरु मानिसहरुले दिनको २४ सै घण्टा र हप्ताको

सातै दिन तपाई लाई के गर्ने भनेर भनि राख्छन | “स्वतंत्रता” जस्तो केही कुरा तपाई चाहनुहुन्छ तर तपाईसँग छैन | तपाई कहिलेकाँही यो सोच्न थाल्नुहुन्छ कि तपाईको बाँकीको सारा जिवन तपाई यस्तै रहनुहुनेछ!

जिम नाम गरेको एकजना जवान व्यक्ति को यस्तै विचारहरु थियो | कैदमा बसेर उसले आफ्नो जिवनको बारेमा बिचार गरयो | जिम सानै छंदा उसको बुबाले उसलाई र उसको आमालाई छोडेर गयो | उसको आमाले तनावलाई थाम्न नसकेर लागु औषधी खान थालिन | तिनी गिरफ्तार भएपछी जिमलाई सुधार गृहमा पठाईयो | उसले जतिपटक समस्या उत्पन्न गर्दथयो त्यतिपटक उसलाई एक ठाँउबाट अर्को ठाँउमा पठाइन थाल्यो | सानोतिनो अपराधको लागि जिमलाई एक दुई पटक गिरफ्तार पनि गरियो | अन्तमा उसले एकदिन एकजना मानिस सँग झगडा गरयो र त्यसलाई मारिदियो | उसलाई आजिवन कारवास को सजाय सुमाएर जेलमा थुनियो |

एकदिन एकजना पास्टर उसलाई भेटन जेलमा गए | पास्टरले उसलाई येशुको बारेमा भने, र स्वर्ग कतिको आश्चर्यको ठाँउ हो भनेर भने | पास्टरले उ स्वर्गमा सधैंको लागि बाँच्न सक्ने छ भनेर भने |

जिमले सोच्न थाल्यो “किन ? किन म यि सबै समस्याहरु बाट अहिले र सधैंको लागि गुजर्न चाहन्छु ? धन्यबाद तर मलाई चाहिएन !”

यसले केही अर्थ दिन्छ, दिदैन र ? यदि “मृत्यु पछी जिवन” अहिले जुन जिन्दगी हामी बाँचिरहेका छौं जस्ता को त्यस्तै रहने हो भने कसैलाई मृत्यु पछी को जिन्दगी किन चाहिएको छ र ? तपाईको जिन्दगी त्यति खराब नभए पनि अथवा अरु कसैको जिन्दगी खराब नदेखिए पनि के तपाई *सधैंको लागि* बिरामी, पिडा र हृदयमा घाउ .... लिएर बाँच्न चाहनुहुन्छ ? के डाक्टरले तपाईलाई क्यानसर भएको छ भनेको सुन्न चाहनुहुन्छ ? के तपाईको टाउकोमा अचानक आउने दुष्ट बिचारहरु सित सधैं जुझ्न चाहनुहुन्छ ?

१. तपाईको जिवन अहिले _________________ न हुनसक्छ।
२. एकजना पास्टरले जिमलाई उ __________________ सम्म  बाँच्न सक्छ भनेर भने।
३. के सबै यस जिवनका  ___________________ कुराहरु को अन्त हुदैन ?

*(पेज नं. ५४ मा हेरेर आपना उत्तरहरुलाई जाच्नुहोस)*

पास्टर गएर जिमलाई स्वर्गमा अनन्तको जिवन यो जिवन जस्तै सधैं सधैंको निम्ति रहने छैन भनि बयान गर्न थाले! एकपटक जब तिमीले स्वर्ग मा कस्तो हुनेछ भनेर थाहा पायौ भने, किन त्यँहा मलाई अनन्तको जिवन चाहियो भनेर हेर्न कति सरल छ तिमीले थाहा पाउने छौ ।

जब परमेश्वरले हामीहरुको सृष्टी गर्नुभयो मानिसहरुको जिवन कस्तो थियो बिगतलाई सोच्नुहोस। आदम र ईभले पाप गरेकोले परमेश्वरले हामीलाई श्राप दिनु भयो। तर स्वर्गमा यो श्राप बाट हामी मुक्त हुनेछौं।
प्रकाश २२:३ मा हामी पढ्छौं स्वर्गमा "त्यँहा कुनै सराप रहने छैन।" यदि त्यँहा श्राप छैन भने त्यसको अर्थ त्यँहा पाप नहुनु हो। यस बारेमा सोच्नुहोस – स्वर्गमा हामीले कुनै पनि कुरा गलत गर्छौ भनेर कहिल्यै पनि चिन्ता गर्नु पर्ने छैन। र यदि त्यँहा पाप छैन भने त्यँहा मृत्यु पनि रहने छैन।

जब परमेश्वरले पहिला मनिसको सृष्टी गर्नु भयो, त्यतिखेर जिवन कडा परिश्रम ले भरिएको थिएन। आदम र ईभले पाप गरेपछी, मानिसहरुलाई कडा परिश्रम गर्नु परयो। तर स्वर्गमा त्यँहा अरुचिकर कार्य हरु छैनन ! यो अनन्तको आराम मा गौरवमय सेवा, सिद्ध सत्ता, र हर्षपुर्ण गानाहरु समावेस छन। तपाई

र म अन्तमा यस जिवन को दु:ख र संर्घष देखी बिश्राम गर्ने छौं |

स्वर्गमा हाम्रो शरिर सिद्ध हुनेछ | पृथ्वीमा छदा सम्म हाम्रो शरिरमा अनेक किसिमका खराब कुराहरु हुन्छ | काटिनु र हाम्रो हड्डी टुट्नु र चोट पटक लाग्नु र बिरामी हुनु – कहिले काँही त हाम्रो शरिरले हामी भन्दा अघाडि दम टोडिदिन्छ | स्वर्गमा, हाम्रो शरिर सिद्ध रहने छ | देवदुत पौलले फिलिप्पी ३: २१ मा भन्नु हुन्छ, "[येशुले] वँहाले हाम्रो दुर्बल शरिर बदली गरेर उहाँको शक्तीले आफ्नै जस्तो महिमाशाली शरिर बनाइदिनु हुनेछ |" स्वर्गमा, हाम्रो शरिर जसरी पहिला हुनकोलागि सृष्टी गरिएको थियो त्यस्तै हुनेछ | तिनीहरु सिद्ध हुनेछन |

आफ्नो जिवनको कठिन र खराब कुरालाई सोच्नुहोस |
अब, तिनीहरु सबै बाट छुटकारा पाएको कुरा सोच्नुहोस | तिनीहरु जे सुकै किन नहोस सबै स्वर्गमा छुट्टिने छन ! प्रकाश २१: ४ ले पनि भन्दछ स्वर्गमा परमेश्वरले " तिमीहरुको आखाँबाट जम्मै आँसु पुछनु हुनेछ | अब उसो त्यहाँ मृत्यु शोक रोदन वा पीडा केही हुने छैन |

पेज ५२ का उत्तरहरु : १. महान; २. अनन्त; ३. खराब



परमेश्वरको बिरुद्ध पाप गरेकोले आदम र ईभलाई काम गर्नु परयो।

सबै पुरानो वस्तुहरु बितेर गए।”

**आँसु नहुनु ! मृत्यु नहुनु ! दु:ख नहुनु ! रोदन नहुनु ! पिडा नहुनु ! कस्तो सिद्ध ठाँउ !**

स्वर्गमा हामी हरु अरु बिश्वासीहरु जसलाई हामी चिन्दथ्यौं र प्रेम गर्दथ्यौं जो स्वर्गमा पुगिसकेका छन उनिहरुसगैं भेला हुनेछौं। हाम्रो आमा जो येशुमा बिश्वास गर्थिन हामी सानै छंदा मरिन – हामीले वँहालाई फेरी हेर्न पाउनेछौं ! हाम्रो स्वास्नी अथवा लोग्ने जसको भयंकर दुर्घटनामा मृत्यु भएको थियो – किनभने उ येशुमा बिश्वास गर्द थियो, हामीले उसलाई स्वर्गमा फेरी भेट्ने छौं !

सबैभन्दा महत्वपुर्ण, जब हामी स्वर्ग प्राप्त गर्दछौं हामी हाम्रो मुक्तिदाता संगै सधैंको लागि रहने छौं। पाठ दुईमा हामीले पापको कारण यस संसारमा केही हुन गएको कुराहरुको बारेमा  सिख्यौं। ति मध्ये सबै भन्दा दुखद कुरा, मानिसले पाप गर्न अघि परमेश्वर र मानिस पहिले सँगै हिड्ने र कुरा गर्ने गर्दथे र त्यही खोसियो। तर स्वर्गमा, परमेश्वर सँग हाम्रो समबंन्ध फेरी सिद्ध हुनेछ। हामीले येशुलाई आमने सामने भएर हेर्न सक्छौं ! देवदुत युहन्नाले लेख्नु भएको छ,  “हामी जान्दछौं कि जतिबेला ख्रिष्ट आउनु हुन्छ, हामी

वँहा जस्तै हुनेछौं किनभने हामीले वँहाको वास्तबिक रुप देख्ने छौं" (१ युहन्ना ३: २)|

किनभने स्वर्गमा अनन्त जिवन यस्तो हुनेछ भने, कसैले पनि यसलाई किन न चाहला र ?

४. स्वर्गमा हामीलाई कहिल्यै पनि फेरी केहिपनि ____________________ गर्नेछौं भनेर चिन्ता गर्नु पर्ने छैन |

५. स्वर्गमा हाम्रो शरिर उत्तम मात्र नभएर ____________________ पनि हुनेछ |

६. जब यस जिवनमा केही खराब हुन्छ, हामी रुन्छौं | स्वर्गमा त्यँहा ____________________ हुनेछैन |

७. स्वर्गको अति उत्तम अंश भनेको हामी ____________________ सँग सधैंको निम्ति बस्न पाउने छौं |

***(पेज नं. ५८ मा हेरेर आपना उत्तरहरुलाई जाच्नुहोस )***

मृत्यु पछी जिवन तपाईलाई किन चाहियो भन्ने कुरा सोच्नु भन्दा अघि अर्को कुरा के सोच्नु पर्दछ भने त्यो जिवनको अन्त कहिले हुनेछ | हाम्रो पृथबी मा बस्ने अवधिमा हामीले सबै कुरालाई समयले नापतौल गर्दछौ | हामीले आफ्नो दिन घण्टामा गन्दछौं | हामी हाम्रो हप्तालाई दिनले गन्दछौं | हामी हाम्रो महिनालाई हप्ताले गन्दछौ | हामी हाम्रो बर्षलाई महिनाले गन्दछौं |

बाइबलले हामीलाई स्वर्गमा जिवन अनन्त सम्म चलिरहने कुरा सिखाए पनि, हामी सबैले सोच्छौं होला, “अन्नत भनेको कहिले सम्म हुनसक्छ ?” एउटा कैदमा भएको व्यक्ती लाई, “लामो” समय भनेको जबसम्म उ कैदमा बन्द छ त्यस समय उसको लागि लामो हुन सक्छ। आमाको लागि बच्चा जन्माउने केही घण्टाको पिडा दाई अवधि एउटा “लामो” समय हुन सक्छ। एउटा सानो बालकले एक घण्टा सम्म केही गर्न नपाउनु उसको लागि एउटा “लामो” हुनसक्छ !

तर परमेश्वरले समयलाई अर्कै नजरले हेर्नु हुन्छ। पत्रुसले हामीलाई भन्नु हुन्छ, “प्रभुको निम्ति एक दिन हजार बर्ष जस्तै अनि हजार बर्ष एक दिन जस्तै हो” (२ पत्रुस ३:८)। अर्को शब्दमा, परमेश्वरले सबै कुरालाई घण्टा र दिन र हप्तामा नापतौल गर्नु हुन्न। वँहाले समय भन्दा बाहिर कार्य संचालन गर्नु हुन्छ। र यसकारण शब्द “अन्नतको ” वास्तबमा हामीलाई त्यति राम्रो सुझबुझ पनि छैन।

तर एउटा कुरा हामीलाई थाहा छ। स्वर्गमा मृत्यु पछीको जिवन, पृथबीको जिवन जति लामो भए पनि, भरेको बाल्टीमा एक थोपा पानी बराबरको तुलना गरे झै लामो छ !

पेज ५७ का उत्तरहरु : ४. गलत; ५. सिद्ध; ६. आँसु ; ७. परमेश्वर

यो सिद्ध हुने छ र सदा सर्वदा को लागि रहने छ !

८. हाम्रो जिवन कालमा हामी धेरै कुरालाई
_____________________ ले नापतौल गर्दछौं |

९. परमेश्वरले दिन र
_________________________नापतौल गर्नु हुन्न |

१०. स्वर्ग को अन्त _______________________ सम्म छ |

*(पेज नं. ६० मा हेरेर आपना उत्तरहरुलाई जाच्नुहोस )*

## *पाठ सारांश*

त्यँहा मानिसहरु छन जसलाई उ मरयो भने फेरी जिवन चाहिदैन भन्ने कुरा सोच्न गारहो छ | भित्री मनमा सबैले त्यसलाई चाहेको देखिन्छ | तर "मृत्यु पछी जिवन " भनेको जुन यो संसार मा भोगिरहेको छ त्यसलाई फेरी भोग्नु पर्ने छ भनेर केही मानिसहरु सोच्छन |
मृत्यु पछी जिवन कहिले नसकिने गरी जुन यस जिवन मा छ त्यही दोहरिरहने होईन ! तर हामीले कल्पना गर्न सक्ने भन्दा बढी स्वर्गमा बस्न पाउनु  हो |

हाम्रो यस जिवनको सबै खराब कुरालाई सोच्नुहोस। तिनीहरुलाई हटाउनुहोस। आफ्नो शरिरमा भएको सबै दु:ख र पिडालाई सोच्नुहोस। तिनीहरुलाई पर हटाउनुहोस। आफुलाई परमेश्वर बाट कतिको टाढा छु भन्ने कुरा सोच्नुहोस। वँहालाई आफु छेउमै चित्रण गर्नुहोस। स्वर्ग त्यतिको राम्रो र अझ बढी महान हुनेछ !

पृथबी मा भएको यस जिवनको अन्त पक्कै छ। तर स्वर्गमा मृत्यु पछी जिवनको कुनै अन्त नै छैन। यो अनन्त सम्म चलिरहने छ।

पेज ५९ का उत्तरहरु : ८. समय; ९. हप्ता; १०. अनन्त

## *पाठ पाँच को जाँच*

१. तपाईको जिवन अहिले ___________________________ न हुनसक्छ।

२. एकजना पास्टरले जिमलाई उ ___________________ सम्म  बाँच्न सक्छ भनेर भने।

३. के सबै यस जिवनका  ____________________ कुराहरु को अन्त हुदैन ?

४. स्वर्गमा हामीलाई कहिल्यै पनि फेरी केहिपनि ________________________ गर्नेछौं भनेर चिन्ता गर्नु पर्ने छैन।

५. स्वर्गमा हाम्रो शरिर उत्तम मात्र नभएर _______________________ पनि हुनेछ।

६. जब यस जिवनमा केही खराब हुन्छ, हामी रुन्छौं। स्वर्गमा त्यँहा ________________________ हुनेछैन।

७. स्वर्गको अति उत्तम अंश भनेको हामी _____________________________ सँग सधैंको निम्ति बस्न पाउने छौं।

८. स्वर्ग को अन्त ___________________________ सम्म छ।

***(पेज नं. ६७ मा हेरेर आपना उत्तरहरुलाई जाच्नुहोस)***

# ०२ *शब्दावली*

| | |
|---|---|
| **कफन** | मरेको मानिसलाई गाड्न प्रयोग गरिने एक किसिमको बाकस |
| **सराप / श्राप** | भयंकर नोक्सानी बाट ग्रस्थ हुनु |
| **कुहिनु** | सडेर जानु |

| | |
|---|---|
| **वचाब** | कसैको बारेमा असल भन्नु |
| **तनावग्रस्थ** | दु:खी हुनु |
| **अन्वेषक** | कुनै मानिस जसले यात्रा गरेर अरु कुरा हरुको जानकारी प्राप्त गर्दछ |
| **अनुसंन्धान** | खोजबिन |
| **नायक** | साहस  पुर्ण कार्य को निम्ति संम्झिएको व्यक्ती |
| **भ्रम** | गलत सोच |

| | |
|---|---|
| **आर्दशवाक्य** | आफ्नो कार्य देखाउन प्रयोग गरिएको सानो बयान |
| **ममी** | मृत शरिरलाई कुहिन बाट संरक्षित राखेको |
| **स्थाई** | सधैं को लागि |
| **ईच्छा पत्र** | मृत्यु पछी व्यक्ती को सम्पत्ती को कसरी भागबण्डा लगाउने<br>बारे व्यक्ती को लिखित ईच्छा |

# अध्याय जाँचका उत्तरहरु

**जाँच पाठ एक (पेज १२)**

१. जिवन; २.आफैलाई ; ३.लिनु; ४.अर्थ; ५. वास्तब ; ६.तनावग्रस्थ वा दु:खी; ७. आदम र ईभ; ८. सिद्ध

**जाँच पाठ दुई (पेज २२)**

१. मर्नु ; २.मरे; ३. मर्दछ पेज १९ का उत्तरहरु : ४ खराब ; ५. मृत्यु ; ६.न्यायधिश; ७. वास्तब ; ८. आशा

**जाँच पाठ तिन (पेज३३)**

१. शरिर र आत्मा; २. आत्मा; ३. अनन्त ४.आत्मा;५. सधैंका; ६. न्याय ७. गलत; ८. स्वर्ग; ९. सिद्ध

**जाँच पाठ चार (पेज ४७)**

१. असल; २. सिद्ध; ३. येशु; ४. गलत; ५. मृत्यु; ६. येशु; ७. लुकेको; ८. बिश्वास; ९. बिश्वास

**जाँच पाठ पाँच (पेज६१)**

१. महान; २. अनन्त; ३. खराब; ४. गलत; ५. सिद्ध; ६. आँसु ; ७. परमेश्वर ८. अनन्त

# ७२ *अन्तिम जाँच*

तपाईले तपाई मरे पछी स्वर्गमा कसरी लामो, सिद्ध प्राप्त गर्न सक्नु हुन्छ भनेर आफ्नो अध्ययन पुरा गर्नुभऐकोमा तपाईलाई  बधाई छ ! पुस्तकलाई र अध्याय जाँचलाई बिशेष गरेर तपाईले गर्नु भएको त्रुटीलाई एक पटक  पुन: दोहरयाउनुहोस ।
प्रत्येक पाठ मा भएको ताराले संकेत गरेको लक्ष्य हरुलाई पनि दोहरयाउनुहोस । जब तपाई तयार हुनुहुन्छ भनि निश्चित हुनुहुनेछ, अन्तिम परिक्षा दिनुहोस ।

पुस्तक नहेरिकन अन्तिम जाँच पुरा गर्नुहोस । जब तपाईले जाँच पुरा गर्नुहुन्छ तपाईलाई यो पुस्तक उपलब्ध गराउने व्यक्तिलाई अथवा यस पुस्तकको पछाडि भएको ठेगाना मा पठाउनुहोस । तपाई यस श्रृंखलाका अरु बाइबल अध्ययन पुस्तकहरु मगांएर पनि पढ्न सक्नु हुन्छ ।

यदि तपाई तयार हुनुहुन्छ भने, अन्तिम परिक्षा भएको पेजलाई पुस्तक बाट अलग गर्नुहोस र किताबलाई राख्नुहोस । पुस्तक नखोली परिक्षा दिनुहोस ।

## ८२

*मृत्यु पछी जिवन*

## *अन्तिम जाँच*

*खाली ठाँउमा भर्नुहोस।*

१. धेरै मानिसहरुले सोच्छन ___________________ बढि भन्दा बढि कुराहरु हासिल गर्न को निम्ति मात्रै हो।

२. केही मानिसहरु अति __________________ हुन पुग्छन किनभने तिनिहरुले जिवनको कुनै अर्थ छैन भन्ने कुरामा बिश्वास गर्दछन।

३ . परमेश्वरले जिवनको ___________ दिनुहुन्छ।

४. रोमियो र जुलियट __________ तयार थिए किनभने तिनीहरु एक अर्कालाई प्रेम गर्दथे।

५. कहिलेकाँही हामी सोच्न थाल्दछौं मृत्यु _______________________ होईन।

६. येशुले एकदमै स्पष्ट साथ भन्नु भएको छ कि नर्क ___________ सम्म शरिर र आत्माले सजाय पाउने ठाँउ हो।

७. मृत्यु पछि को जिवनको बारेमा जतिपनि बिचारहरु छन जुन परमेश्वरको बिचार होइन तिनीहरुको अन्त __________________ ठाँउमा हुन्छ।

८. स्वर्गको अति उत्तम अंश भनेको हामी _____________________ सँग सधैंको निम्ति बस्न पाउने छौं।

९. परमेश्वरले हामीलाई मृत्यु पछीको जिवन पाउनको लागी हामी _____________________ हुनुपर्छ भन्नुहुन्छ।

१०. ________________ हाम्रो बदलामा सिद्ध हुनुहुन्थ्यो

११. मृत्यु पछी को जिवन को उपहार _________________ छैन।

*सही या गलत छुट्टयाउनुहोस।*

१. _____ जिवनको उद्देश्य आफैलाई खुशी बनाउनु हो।

२. _____ जिवनको कुनै अर्थ छैन।

३. _____ जब परमेश्वरले संसारको सृष्टी गर्नुभयो वँहाले मानिसलाई सबै माथी शासन गर्न भन्नुभयो।

४. _____ आदम र ईभले पाप गरे पछी तिनीहरुले परमेश्वरलाई स्नेही पिता जस्तै देखे।

५. _____ यदि गैर क्रिस्तियन मरे पछी उसको आत्मा नि मर्दो हो त, उ कसरी जिउछ केही फरक पर्दैन।

६. _____ बाइबलले भन्दछ मानिस मरयो भने उसको आत्मा को न्याय हुन्छ।

७. _____ कुनै पनि सच्चा क्रिस्तियनको स्थाई घर पृथ्वी हो।

८. _____ स्वर्गमा हामीले कुनै पनि कुरा फेरी गलत गर्नेछौं भनेर केही चिन्ता लिनु पर्दैन।

९. _____ स्वर्ग मा जिवन हजार बर्ष पछी सकिन्छ।

१०. _____ हामीलाई सजाय दिनुको साटो परमेश्वरले येशुलाई सजाय दिनुभयो।

सही उत्तर छान्नुहोस ।

१. येशुले भन्नु हुन्छ “जिवन”_____ को लागि मात्र होइन ।

क. मौजमस्ती

ख. ब्यक्तिले कति सम्म थुपार्न सक्छ

ग. परमेश्वरको सेवा गर्न

घ. आफ्नो ऋण तिर्न

२. जब परमेश्वरले मानिसहरुको सृष्टी गर्नु भयो, त्यसबेला परमेश्वर र मानिसको समबंन्ध _____ थियो ।

क. बर्बाद भएको

ख. डगमगाएको

ग. सिद्ध

घ. ठीकठिकै

3. परमेश्वरले _____ को सृष्टी गर्नु भएन ।

क. मृत्यु

ख. मानिस

ग. संसार

घ. जनावरहरु

४. _____ ले धेरै तरिकाबाट आशाहरुलाई पर लान्छ ।

क. परमेश्वर

ख. येशु

ग. मृत्यु

घ. जिवन

५. हामी मरे पछी हाम्रो आत्माको पनि मृत्यु हुन्छ यस बिश्वासलाई _____ भनिन्छ।

क. पुनः जनम

ख. येशु

ग. सत्तात्मक

घ. आत्माको सर्वनास

६.पुनः जनमले कोही मरयो भने उसको _____ अर्को भौतिक शरिरमा पर्केर आउदछ भन्ने कुरा सिखाउदछ

क. बुद्धि

ख. आत्मा

ग. दिमाग

घ. भोलापन

७. परमेश्वरको योजनामा त्यँहा मृत्यु पछी _______ जिवन छ।

क. कहिलेकाँही

ख. कहिल्यै पनि नाई

ग. सिद्ध

घ. हुन सक्छ

८. स्वर्गमा, हाम्रो शरिर उत्तम मात्र नभएर _____हुनेछ।

क. सिद्ध

ख. बिकसित

ग. भुतहरुको जस्तै

घ. वजन बिहिन

९. केही मानिसहरु तिनीहरुले गरेको _____ काम वापत तिनीहरुले मृत्यु पछी जिवन पाउने कुरामा बिश्वास गर्दछन।

क. धेरै

ख. केही

ग. असल

घ. अति धेरै

१०. परमेश्वरको व्यबस्था भंग गरेको ले हामी _____ को लायक छौं।

क. आजिवन काराबास

ख. मृत्यु

ग. उदासिनता

घ. गाला मा एक झापड

११. मृत्यु पछिको जिवन हामीलाई _____ मार्फत दिईएको हो।

क. काम

ख. हाम्रो कमाई

ग. यसको मोल तिरे

घ. बिश्वास

कृपया निम्न जानकारीहरु भर्नुहोस।

नाम :_____________________________________________

ठेगाना :___________________________________________

___________________________________________________

यस पुस्तकको बारेमा तपाईको प्रतिक्रिया लेख्नुहोस।

___________________________________________________

___________________________________________________

___________________________________________________

अरु जानकारीको लाा॥

पत्रचार ॥र्नें ठे॥ाना :

Multi-Language Productions
Bringing the Word to the World

**Life After Death - Nepali**
**Bible Teachings Series**
**MLP Catalog Number: 383356**